## निर्णयहरु :-

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा कोहलपुर नगरपालिकामा आवश्यक पर्ने नगर प्रहरी सेवा करारको लागि नगरपालिकामा सुचिकृत भएका सेवा प्रदायक संस्थाहरुबाट प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा कोहलपुर नगरपालिकाले नगर विकास कोषको ऋण लागनीमा बनाउने लामो दुरीको बसपार्कमा निर्माण हुने तपशिल बमोजिमका संरचनाहरुको निम्नानुसारको न्युनतम मासिक भाडाको दररेट कायम गर्ने निर्णय गरियो ।

**तपशिल :**

**Kohalpur Bus Park**
**Rental Spaces**

| S.N. | Description of Space | Area of Space (sq. m.) | No. | Total Area | Per Sq. Ft. Rate |
|---|---|---|---|---|---|
| 1 | Rental Shops without store (towards Mahendra Highway) | 17.70 | 8.00 | 141.60 | 8*18000=144000 |
| 2 | Rental Shops with store (towards Mahendra Highway) | 35.40 | 12.00 | 424.80 | 12*25000=300000 |
| 3 | Rental Shops with store (towards Ratna Highway) | 35.40 | 8.00 | 283.20 | 8*310000=248000 |
| 4 | Rental Shops without store (towards Inner Road) | 17.70 | 16.00 | 283.20 | 16*25000=400000 |
| 5 | Rental Shops with store (towards Inner Road) | 35.40 | 12.00 | 424.80 | 12*35000=420000 |
| 6 | Rental Shops in Shopping Block | | | | |
| A | **Ground Floor** | | | | |
| | Rental Shop 1 | 30.40 | 1.00 | 30.40 | 45,600.00 |
| | Rental Shop 2 | 38.00 | 1.00 | 38.00 | 57,000.00 |
| | Rental Shop 3 | 33.14 | 1.00 | 33.14 | 49,710.00 |
| | Rental Shop 4 | 40.80 | 1.00 | 40.80 | 61,200.00 |
| | Rental Shop 5 | 30.52 | 1.00 | 30.52 | 45,780.00 |
| | Rental Shop 6 | 135.46 | 1.00 | 135.46 | 203,190.00 |
| | Rental Shop 7 | 28.48 | 1.00 | 28.48 | 42,720.00 |
| | Rental Shop 8 | 13.46 | 1.00 | 13.46 | 20,190.00 |
| | Rental Shop 9 | 38.43 | 1.00 | 38.43 | 57,645.00 |

नगरपालिकाको कार्यालय
कोहलपुर, बाँके
प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके, प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

| | | | | | |
|---|---|---|---|---|---|
| B | **First Floor** | | | | |
| | Rental Shop 10 | 188.23 | 1.00 | 188.23 | 244,669.00 |
| | Rental Shop 11 | 38.00 | 1.00 | 38.00 | 49,400.00 |
| | Rental Shop 12 | 33.14 | 1.00 | 33.14 | 43,082.00 |
| | Rental Shop 13 | 40.80 | 1.00 | 40.80 | 53,043.00 |
| | Rental Shop 14 | 20.00 | 1.00 | 20.00 | 26,000.00 |
| | Rental Shop 15 | 22.40 | 1.00 | 22.40 | 29,120.00 |
| | Rental Shop 16 | 122.48 | 1.00 | 122.48 | 158,600.00 |
| | Rental Shop 17 | 31.02 | 1.00 | 31.02 | 40,326.00 |
| | Rental Shop 18 | 53.09 | 1.00 | 53.09 | 70,070.00 |
| | Rental Shop 19 | 30.65 | 1.00 | 30.65 | 39,000.00 |
| C | **Second Floor** | | | | |
| | Office Space | 366.43 | 1.00 | 366.43 | 250,000.00 |
| D | **Third Floor** | | | | 180,000.00 |
| | Office Space | 366.43 | 1.00 | 366.43 | 36,720.00 |
| E | **Fourth Floor** | | | | |
| | Restaurant 1 | 40.80 | 1.00 | 40.80 | 34,200.00 |
| | Restaurant 2 | 38.00 | 1.00 | 38.00 | 36,000.00 |
| | Restaurant 3 | 40.80 | 1.00 | 40.80 | 30,000.00 |
| F | **Fifth Floor** | | | | |
| | Roof Top Restaurant | 344.75 | 1.00 | 344.75 | 240,000.00 |
| 7 | **Maintenance Block** | | | | |
| A | Cleaning / Maintenance Area | 330.79 | 1.00 | 330.79 | 330,000.00 |
| B | Office | 47.18 | 1.00 | 47.18 | 94,000.00 |
| 8 | **Ticket Counter** | | | | |
| A | Ticket Counter | 3.60 | 10.00 | 36.00 | 10,000.00 |
| B | Office | 31.80 | 1.00 | 31.80 | 15,000.00 |
| 9 | Medical Clinic | 24.00 | 1.00 | 24.00 | 10000 |
| 10 | Police Station | 24.00 | 1.00 | 24.00 | 0 |
| 11 | Driver Post | 16.00 | 1.00 | 16.00 | 0 |

**Kohalpur Bus Park**

**Parking Spaces**

| S.N. | Description of Space | No. of Vehicles | Per Vehicles |
|---|---|---|---|
| 1 | Long Term Parking (Bus) | 24 | pre day per vec 500 |
| 2 | Medium Term Parking (Bus) | 24 | per day per vec 200 |
| 3 | Microbus/Van | 12 | 50 |
| 4 | Tempo | 17 | 25 |

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा वडा नं. ११ का दृष्टिविहिन हरीकला बि.क.को लागि शौचालय र धारा विधि कार्यक्रम खर्च शिर्षक बाट निर्माण गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं.६मा छलफल गर्दा थारु सांस्कृतिक संग्राहलय निर्माणका लागि सिफारिस गरिएका स्थानहरुको बारेमा आगामी कार्यपालिका बैठमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ०७ सौर्यबत्ति जडान सम्बन्धमा छलफल गर्दा कोहलपुर वडा नं.१२ को महेन्द्रराजमार्गको डुडुवा खोलाको पुल देखि पश्चिम वडा नं.११ को चौराहा सम्म सौर्यबत्ति जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्तावना ०८ मा छलफल गर्दा कोहलपुर वडा नं.०२ स्थित त्रिपुरागणको तारजाली हटाउदा लागेको खर्च रकम यस आर्थिक वर्षमा कन्टेन्जेन्सी शिर्षकमा विनियोजित रकम बाट प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ०९**

प्रस्तावना ०९ मा छलफल गर्दा कोहलपुरमा सम्पन्न हुने आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगतको क्रिकेट खेलका लागि रंगशालामा गरिने तारजाली निर्माण कार्यका लागि लागत साझेदारी कार्यक्रम शिर्षक बाट प्राविधिक लागत स्टिमेटका आधारमा कुल लागत रकमको ६० प्रतिशतले हुन आउने नगरपालिकाको तर्फबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्तावना १० मा छलफलगर्दा आ.व.:-२०७५/०७६ मा तटबन्ध निर्माण शिर्षकमा विनियोजित रकम तपशिल बमोजिमका स्थान तथा कार्यक्रमहरुमा बाँडफाँड गर्ने निर्णय गरियो ।

**तपशिल :**

१. वडा नं. ०३ मा रु. १० लाख

२.वडा नं. १३ मा रु. १० लाख

३.वडा नं. १२ मा रु. १० लाख

४.वडा नं. ०८ मा रु. ११ लाख

५.वडा नं. १० मा रु. १२ लाख

६.वडा नं. ०७ मा रु. १२ लाख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

०७५/०५/२६

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको आर्थिक वर्ष :२०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम मध्ये तपशिल बमोजिमका योजनाहरुलाई सम्बन्धित वडा कार्यालयहरुको सिफारिसमा संसोधन गर्ने भनी निर्णय गरियो ।

**तपशिल :**

१. कोहलपुर नगरपालिका वडा नं.०२ को योग तथा प्राकृतिक चिकित्सालयको भवन निर्माण योजनालाई संसोधन गरी योग तथा प्राकृतिक चिकित्सालयको बाउण्डरी वाल निर्माण

२. कोहलपुर वडा नं. ०८ को बाबानगर मन्दिरको वाल निर्माण योजना संसोधन गरी **शिवशक्ति मन्दिर** स्थापना गर्ने ।

३. कोहलपुर वडा नं.०७को पौराणिक कुवामा धाराजडान निर्माणको योजना संसोधन गरी धर्मशाला निर्माण गर्ने

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा ५ नं. प्रदेश सरकार, संघीय सरकार तथा विशेष अनुदान कोषका लागि तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने भनी निर्णय गरियो ।

**तपशिल :**

क. प्रदेश सरकारको लागि सम्पुरक कोषमा माग गर्ने योजना : कोहलपुर नगरपालिका वडा नं.०२ स्थित त्रिपुरागण देखि गोर्खा स्कुल हुदै रत्नराजमार्गको ईन्द्रेणी चौक जोडने वाटो कालोपत्रे गर्ने ।

**ख. संघिय सरकारको लागि सम्पुरक कोषमा माग गर्ने योजना :**

१.कोहलपुर नगरपालिका वडा नं.११ पुरानो पीपल चौतारा हुदै शिवमन्दिर सम्म जोडने वाटो कालोपत्रे गर्ने ।

२.कोहलपुर नगरपालिका वडा नं.१५ चन्हवा पेडारी नालामा पक्की पुल निर्माण गर्ने ।

**ग. संघिय सरकारको विशेष अनुदानका लागि माग गर्ने योजना :**

१.कोहलपुर नगरपालिका वडा नं.०३ को बेलनपुरमा हिमालय गरिब नवाज प्राथमिक विधालयको ४ कोठे भवन निर्माण ।

२.कोहलपुर नगरपालिका वडा नं.०२ को बर्दहवामा लक्ष्मी माध्यामिक विधालयको ४ कोठे भवन निर्माण ।

३.कोहलपुर नगरपालिका वडा नं.०४ को गोहवामा जनचेतना प्राथमिक विधालयको ४ कोठे भवन सहित अन्य पुर्वाधार निर्माण ।

४.कोहलपुर नगरपालिकामा रहेका मधेसी दलित खटिक,पासी, चिडीमार समुदायको आर्थिक सामाजिक विकासका कार्यक्रमहरु ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

७६।०८।१६

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. ११**

प्रस्तावना ११ मा छलफलगर्दा चालु आ.व. :-२०७५/०७६ मा उपभोक्ता समिति तथा ठेक्का बाट संचालन गरिने पुर्वाधार विकासका कामहरुको प्रचलित कानून बमोजिम ल्याबटेष्ट गर्ने र सो वापतको रकम योजना लागत स्टिमेटमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्तावना १२ मा छलफलगर्दा आ.व. :-२०७४/०७५ मा संचालन भएका तपशिलका योजनाहरुको Variation Order (VO) गरी नयाँ संझौता गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क्र.स. | योजनाको नाम | पुरानो संझौता | बढेको | नयाँ संझौता रकम |
|---|---|---|---|---|
| १. | घण्टाघर टावर निर्माण कार्य | १६,६६,३०५।५४ | २४९,५६०।५० | १९,१५,८६६।०४ |
| २. | कर्भड हल निर्माण कार्य | २८,७१,०९१।९५ | ४२५,४८२।२५ | ३२,९६,५७४।२० |
| ३. | बन्दा चटार त्रिमावि रझेना हुदै बेडवनपुर जोडने बाटो कालोपत्रे गर्ने कार्य | ९३,५४,८७४।८२ | ९,१२,०५९।७४ | १०२,६६,९३४।५६ |

**निर्णय नं. १३**

प्रस्तावना १३ मा छलफलगर्दा आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा छनौट भएका बाँके जिल्लाका खेलाडीहरुको लागि खेलकुद सामग्री वितरण शिर्षक बाट पोषाक खरिदको लागि जिल्ला खेलकुद विकास समितिलाई रु. १,००,०००।- बराबरको सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्तावना १४ मा छलफलगर्दा गत आ.व.मा संचालन भै भुक्तानी लिन बाँकि कोहलपुर नगरपालिका वडा नं.०७ का तपशिलका योजनाहरुलाई यस आर्थिक वर्ष : २०७५/०७६ को वार्षिक स्वीकृत बार्षिक नीति तथा कार्यक्रमको पेज नं. ६९ को क्र.स.५३ को शिर्षक बाट निम्नानुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल :**

१. विधुतीकरण रु. ७ लाख

२. कोहलपुर वडा नं.१४ थापाटोल हुदै लखना रजगढवाको कम्दी सिमाना सम्म जोडने बाटो कालोपत्रे रु.१५ लाख

**निर्णय नं. १५**

प्रस्तावना १५ मा छलफलगर्दा बसोबास सहकारी संस्था लि. कोहलपुर १० को भवन निर्माण गर्दा हुने माटो परिक्षण बापत लाग्ने खर्चमा विविध खर्च शिर्षकबाट रु.२,००,०००।- दिने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

०७५/०८/२२

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. १६**

प्रस्तावना १६ मा छलफलगर्दा कोहलपुर नगरपालिका तथा वडा कार्यालयको सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यका लागि सेवा प्रदायक संस्था उत्पीडीत सामुदायिक विकास केन्द्र संग संझौत गने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं.१७ मा छलफलगर्दा कोहलपुर नगरपालिकाबाट संचालन हुने प्रदेश सरकार,संघिय सरकारको सम्पुरक अनुदान तथा विशेष अनुदान लगाएत नगर स्तरिय गौरवका योजनाहरुको लगत स्टिमेट,डिजाईन तथा अन्य प्राविधिक कार्यहरु परामर्शदाता मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं.१८ मा छलफलगर्दा कोहलपुर नगरपालिकाका विभिन्न वडाहरुमा एकिकृत सम्पति कर, व्यवसाय कर तथा बहाल विटौरी शुल्कको तथ्याङ्क संकलन गर्नका लागि राखिएका कर संकलकहरुलाई २०७५ श्रावण देखि असोज सम्मको ज्याला भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं.१९ मा छलफलगर्दा पशु सुत्केरी भत्ता अनुदान संचालन कार्यविधि २०७५,कोहलपुर नगरपालिका अपाङ्गता भएका ब्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि २०७५ र विपद् ब्यवस्थापन कोष ( सञ्चालन) कार्यविधि २०७५ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

प्रस्ताव नं.२० मा छलफलगर्दा यस नगरपालिकामा घ वर्गको निर्माण ब्यवसायी ईजाजतको लागि रितपुर्वक निवेदन परेका तपशिलका फर्महरुलाई घ वर्गको निर्माण ब्यवसायी ईजाजत प्रमाण पत्र उपलब्ध गाराउने निर्णय गरियो ।

**तपशिल :**

१.कोहिनुर कन्फा स्टक्चर प्रा.लि. कोहलपुर-०८,बाँके

२. बडिमालिका कर्न्टक्शन प्रा.लि. कोहलपुर-०५,बाँके

**निर्णय नं. २१**

प्रस्ताव नं.२१ मा छलफल गर्दा यस नगरपालिकाको सामाजिक, आर्थिक तथा सांस्कृतिक पहिचानको लागि नक्शाङ्कन गर्न आवश्यक भएको हुदा ईनरिच नेपाल प्रा.लि. संग Geographical Information System (GIS) Mapping निर्माणको लागि सेवा परामर्श शिर्षकबाट भुक्तानी दिने गरी संझौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

प्रस्ताव नं.२२ मा छलफलगर्दा यस नगरपालिकाको कार्यापालिकाको बैठक ३० मिनेटका लागि स्थगित गर्ने निर्णय गरियो ।

०७५/०८/२५

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. २३**

प्रस्ताव नं. २३ मा छलफल गर्दा साबिक रझेना गा.बि.स. हाल कोहलपुर नगरपालिका वडा नं. १ देखि ६ सम्म कायम भएकोमा बिगत २०५२ देखि २०५६ सालमा सर्भे भै हाल सम्म पनि नापी भएका गाउ ब्लक जग्गाको पुर्जा वितरण गरिएको छैन बिकासको तिब्र गतिको बढ्दो क्रममा साबिकको बस्तुगत संरचना र हालको बस्तु स्तिथि मेल नखाने भएकोले यस नगरको वडा नं. ६ बाहेक अन्य वडाहरुमा रहेका गाउ ब्लक जग्गा १:५०० को मान नापमा पुनः नापी गर्ने र सो क लागि नापी कार्यालय, बाँके लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

प्रस्ताव नं. २४ कोहलपुर नगरपालिकामा हुदै गरेको बढ्दो शहरीकरणलाई मध्ये नजर गर्दै यस नगरपालिंकाको १-१५ वडाको डिजीटल नापी गर्न ५ नं. प्रदेश सरकार संग अनुरोध गर्ने साथै उल्लेखित कार्यका लागि लाग्ने लागतको बिबरण नापी कार्यालय ,बाँके संग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

प्रस्ताव नं.२५ कोहलपुर नगरपालिकाको नक्शालाई सुरक्षित गर्न आवश्यक पर्ने उपकरण प्लान चेस थान २(दुई) नापी कार्यालय ,बाँके लाई उपलब्ध गराउने निर्णय गरियो ।

०७४/०८/२२

**प्रेम प्रसाद देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**
**(उप-सचिव)**